**महालेखापरीक्षकको कार्यालय**
**बबरमहल, काठमाण्डौं ।**

## सूचनाको हक कार्यान्वयन सम्बन्धी प्रतिवेदन
## आर्थिक बर्ष २०७६।७७

१. **परीचयः** नेपालको संविधान २०७२ को धारा २४१ अनुसार सबै संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यस्तै, पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसँग परामर्श गरिने व्यवस्था छ । उक्त संवैधानिक व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण गरी धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपति समक्ष माननीय महालेखा परीक्षकले बार्षिक प्रतिबेदन पेश गर्ने व्यबस्था छ ।

२. **लेखापरीक्षणको दुरदृष्टि, गन्तव्य र मूल्य मान्यताः** लेखापरीक्षण संस्थाको दुरदृष्टि, गन्तव्य, मूल्य मान्यता देहाय बमोजिम रहेको छः

**दुरदृष्टिः** जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रर्वद्धन गर्ने विश्वसनिय संस्था हुन प्रयत्नशील रहने,

**गन्तव्यः** सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आस्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय सेवाप्रदान गर्ने र

**मुल्य मान्यताः** निष्ठा, स्वतन्त्रता, व्यवसायिकता, पारदर्शिता, जवाफदेहिता रहेको छ ।

३. **लेखापरीक्षणका आधारः** लेखापरीक्षणका आधारमा नेपालको संविधान, लेखापरीक्षण ऐन २०७५, आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६, लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, कार्यविधी आदि रहेका छन् । यसका अतिरिक्त प्रचलित ऐन, नियमको आधारमा लेखापरीक्षण गर्ने व्यवस्था छ ।

४. **लेखापरीक्षणः** महालेखापरीक्षकको कार्यालयले मुख्यतः वित्तिय तथा परिपालना र कार्यमूलक लेखापरीक्षण गर्ने गर्दछ । यसका अतिरिक्त सूचना प्रविधिको लेखापरीक्षण, विशेष लेखापरीक्षण लगायतका लेखापरीक्षण गर्दै आएको छ । आर्थिक बर्ष २०७६।७७ मा ५६१२ कार्यालयको आ.ब.

२०७५।७६ को रु. ५१ खर्व ७१ अर्वको बित्तिय तथा परिपालनाको लेखापरीक्षण गरिएको छ भने १७ बिषयमा कार्यमूलक, सूचना प्रबिधि र बिशेष लेखापरीक्षण गरिएको छ । बित्तिय जवाफदेहिता प्रर्वद्धन गर्ने मुख्य औजार लेखापरीक्षण हो । लेखापरीक्षणबाट सार्वजनिक बित्तिय जवाफदेहिता प्रर्वद्धन गर्न बजेट अनुशासन, आन्तरिक नियन्त्रण, सार्वजनिक खरिद व्यवस्थापन, ठेक्का कार्यान्वयन, सेवा प्रवाह, राजस्व प्रशासन, आयोजना व्यबस्थापन लगायतका बिषयमा सुधार गर्नुपर्ने देखिएको छ ।

५. **लेखापरीक्षण प्रक्रिया:** लेखापरीक्षण व्यवस्थापन अर्न्तगत लेखापरीक्षण योजना तर्जुमा, लेखापरीक्षण कार्यान्वयन, प्रतिवेदन र सम्परीक्षण लगायतका कार्य पर्दछन । लेखापरीक्षण योजना तर्जुमा गर्दा मुख्यतः जोखिममा आधारित लेखापरीक्षण योजना तर्जुमा गरिने र लेखापरीक्षणका जोखिमहरुको मूल्यांकनका आधारमा प्राथमिकरण गरी लेखापरीक्षण विधि छनौट गर्ने गरिन्छ । बढी जोखिम भएका निकायका लागि विस्तृत लेखापरीक्षण र कम जोखिम भएका निकायको लागि संक्षिप्त कार्यविधीबाट लेखापरीक्षण सम्पन्न गर्ने व्यबस्था छ । लेखापरीक्षणमा मुलतः कागजातको परीक्षण, स्थलगत निरीक्षण, छलफल, प्रश्नावली, चेकलिष्ट तथा फारमहरुका माध्यमबाट बिवरण सूचना संकलन गरी बिश्लेषण गर्ने गरिन्छ । लेखापरीक्षण सम्पन्न गरी सकेपछी प्रारम्भिक प्रतिबेदन उपलव्ध गराउने, प्रारम्भिक प्रतिबेदन उपर प्राप्त जवाफ, प्रमाण र प्रतिक्रियाको आधारमा बेरुजु फछ्र्यौट हुने भएमा सो फछ्र्यौट गरी बाँकी बेरुजु महालेखा परीक्षकको बार्षिक प्रतिबेदनमा समावेश हुने व्यबस्था छ ।

६. **बार्षिक प्रतिबेदन:** संबिधानको धारा २९४(१) बमोजिम आर्थिक बर्ष २०७५।७६ को आर्थिक कारोवारको लेखापरीषण सम्पन्न गरी सम्माननीय राष्ट्रपति समक्ष माननीय महालेखा परीक्षकले २०७७।३।३१ मा बार्षिक प्रतिवेदन पेश गर्नु भएको छ । त्यस्तै, धारा २९४(३) बमोजिम आर्थिक बर्ष २०७५।७६ को प्रदेश कार्यालयको आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी माननीय प्रदेश प्रमुख समक्ष अलग अलग प्रतिबेदन २०७७।३।३१ मा बिद्युतीय माध्यमबाट पेश भएको छ । आर्थिक बर्ष २०७५।७६ को आर्थिक कारोवारको लेखापरीक्षण गराउने सबै स्थानीय तहमा चैत्रको अन्तिम हप्तामा अन्तिम लेखापरीक्षण प्रतिबेदन जारी भएको छ ।

७. **सूचनाको हक कार्यान्वयन सम्बन्धी व्यवस्था:** सूचनाको हक सम्बन्धी ऐन २०६४ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को कार्यान्वयन सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन गर्ने व्यवस्था गरी सार्वजनिक निकायको काम कारवाहीमा पारदर्शिता कायम गर्न सहयोग पुग्ने गरी सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन गर्ने व्यबस्था छ ।

८. **प्रवक्ता तथा सूचना अधिकारी:** कार्यालयबाट सम्पादित कामको नियमित सूचना प्रवाह गर्नका लागि प्रवक्ता तथा सूचना अधिकारीको रुपमा नायब महालेखापरीक्षक श्री महेश्वर काफ्ले

(मोवाइल नं. ९८४१२००७३७ इमेल: mpaphle2005@gmail.com) र सहायक प्रवक्ता तथा सहायक सूचना अधिकारीको रुपमा निर्देशक श्री नेत्रप्रसाद पौडेल (मोवाइल नं. ९८५१११७५११ इमेल: netra.paudel1970@gmail.com) लाई नियुक्त गरिएको छ ।

९. **सूचना प्रवाहको माध्यम:** यस कार्यालयबाट सम्पादित कामहरुको सूचना प्रवाह गर्नका लागि वेभसाइट(www.oagnep.gov.np) मा सूचना जानकारी अपलोड गर्ने, नियमित बुलेटिन प्रकाशन गर्ने र सूचनाको हक सम्बन्धी अधिकार अर्न्तगत सूचना माग गरेमा सो सूचना वा जानकारी उपलब्ध गराउने गरिएको छ ।

१०. **आर्थिक बर्ष २०७६।७७ मा सूचना माग भएको विवरण:** सूचनाको हक सम्बन्धी अधिकार प्रयोग गरी आर्थिक बर्ष २०७६।७७ मा माग गरेको सूचना र सूचनाको सम्बन्धमा उपलब्ध गराएको जवाफको विवरण देहायबमोजिम छ :

| सि.नं. | सूचना माग भएको कार्यालय | कार्यालय संख्या | सूचना उपलब्ध गराएको बिवरण |
|---|---|---|---|
| १ | संघिय कार्यालयतर्फ | ७ | कार्यालयबाट उपलब्ध गराउन मिल्ने सूचना आवश्यक दस्तुर लिई सूचना हार्डकपि वा ईमेलमार्फत उपलब्ध गराएको र सूचना उपलब्ध गराउन नमिल्ने भएमा सो को जानकारी उपलब्ध गराएको । |
| २ | प्रदेश कार्यालयतर्फ | १ | |
| ३ | स्थानीय तहतर्फ | २४ | |

११. **निष्कर्ष:** सूचना प्रवाहले पारदर्शिता प्रर्वद्धन गर्दै जिम्मेवारी र जवाफदेहिता वहनमा सघाउ पुग्न गई कार्यालयको कार्य प्रभावकारिता वृद्धि गर्ने भएकोले सूचना प्रवाहलाई यस कार्यालयले महत्व दिदैं आएको छ । कार्यालयका गतिबिधिहरु बेभसाईटमार्फत प्रकाशन गर्ने, बुलेटिन प्रकाशन गर्ने, लेखापरीक्षणका बिधि, तरिका र क्षेत्रको बारेमा सरोकारवाला निकायलाई जानकारी गराउने, स्थलगत रुपमा लेखापरीक्षण गर्ने, लेखापरीक्षणबाट देखिएका व्यहोराका सम्बन्धमा सम्बन्धित पक्षसँग छलफल गर्ने, लेखापरीक्षणको वार्षिक प्रतिबेदन वेभसाईट मार्फत सार्वजनिक गर्ने लगायतका कार्य हुदै आएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा समावेश गरी सम्बन्धित कार्यालयलाई प्रतिबेदन उपलब्ध गराई सकेपछि सो व्यहोरा उपर फछ्र्यौट गर्ने कार्य सम्बन्धित कार्यालयको हो । बित्तिय व्यवस्थापन सो उपरको जिम्वेवारी सम्बन्धित कार्यालयको हो भने लेखापरीक्षकको जिम्वेवारी लेखापरीक्षण गरी सो उपर राय सहितको प्रतिबेदन उपलब्ध गराउनु हो । त्यसैले, लेखापरीक्षण प्रतिबेदन उपर सूचनाको हक कार्यान्वयन सम्बन्धमा सम्बन्धित पक्षबाट उक्त व्यबस्थालाई ध्यान दिनु पर्ने देखिएको छ ।

२०७७/४/२५